# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड १ ] काठमाडौं पौष २३ गते ०८ साल [ संख्या २२

## भाग १

### गृहमन्त्रालयको सूचना

यही पौष २२ गते दिनको १० बजे माननीय श्रीप्रधानमन्त्रीज्यू विदेश—नीतिसम्बन्धी कुराकानीको निमित्त दिल्लीतर्फ प्रस्थान गर्नुभयो । वहाँको साथमा माननीय श्रीअर्थमन्त्रीज्यू; श्रीगृहमन्त्रीज्यू तथा श्रीसंसदीय मन्त्रीज्यूसमेत जानुभएको छ । वहाँको संमानार्थ बिजुली अड्डाको अगाडि टुँडिखेलमा जङ्गी निजामती उच्चपदाधिकारीहरू र गौचर हवाइअड्डामा अन्य श्रीमाननीय मन्त्रीज्यूहरू तथा मन्त्रालयहरूका सेक्रेटरीहरू उपस्थित हुनुभएको थियो ।

### सूचना

१—सरकारी कर्मचारीहरूले राजनैतिक सभा, जुलूस आदिमा भाग लिन र उपस्थितसमेत हुन हुँदैन भन्ने मन्त्रिमण्डलको बैठकमा पास भएकोले सूचित गरिन्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नियमावली र प्रबन्ध—पत्रसहित रजिष्टर भई पास भएको सामाजिक व्यवस्थासंम्बन्धी संस्थाहरुमा भने उपस्थित हुन र भागसमेत लिन कुनै वाधा पर्दैन ।

२—गोरखादलसम्बन्धी अभियोगमा पक्रिएका तल लेखिएका अफिसर-हरू थुनाबाट छोडिएका भए तापनि अविश्वासको अभियोगिता निजहरूलाई सरकारी नोकरीमा राखिने छैन ।

१. श्री ले. क. गीर्वाणबहादुर कँवर । २. श्री मे. क. लोकबहादुर ।
३. श्री मे. क गणेशशमशेर । ४. श्री निशान खिलबहादुर ।
५. श्रीललितपुर अदालत तहसीलको मु. लोकबहादुर ।

३—सिनेमासेन्सर–बोर्डको निमित्त देहायमा लेखिएबमोजिम सदस्यहरू नियुक्ति गर्नेसमेत देहायका कुराहरू ०८ साल पौष ११ गते मन्त्रिमण्डलबाट निर्णय भएको छ ।

१—सिनेमा सेन्सरबोर्डको पुनर्नियुक्ति :—

( क ) सदर लाई::—

१. गृहमन्त्रालयबाट सेक्रेटरी श्री ब्रृ. क. चन्द्रबहादुर थापा क्षत्री ।
२. शिक्षामन्त्रालयबाट डिपुटी सेक्रेटरी श्रीकुमारदास श्रेष्ठ ।
३. गृहमन्त्रालयबाट नियुक्ति गर्ने गैर सरकारी सदस्यमा श्रीहीराप्रसाद जोशी ।

( ख ) पहाड मधेशलाई:—

१. जिल्ला गौंडा गोस्वाराका बडाहाकिम ।
२. दुइ जना गैर सरकारी व्यक्तिमा पनि गौंडा गोस्वाराका बडाहाकिमको तजवीजले नियुक्ति गरी राख्ने ।
३. प्रत्येक मेम्बरले फी. फील्मको मोरु ५। फीस पाउनुहुन्छ ।

४—भाद्र ४ गतेका दिन मन्त्रिमण्डलको निर्णय गरेअनुसार अर्को बन्दोबस्त नहुन्जेल र सरकारले सिनेमा चलाएसम्म सिनेमार फिल्म ल्याउने काम स्वयं

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११५ - B

सरकारले नै गर्ने भनी पैले नै लेखापढी भसकेको रहेछ। अतः फिल्म ल्याउने काम पनि सरकारबाट फिल्म कंपनीसँग लेखापढी भ तय नहुन्जेललाई मात्र फिल्म डिष्ट्रि-ब्यूटरहरुलाई फिल्म ल्याउन दिएको थियो। अब सरकारले फाल्गुन १ गतेदेखि स्वयं फिल्म ल्याउने भएकोले माघ मसान्तसम्मलाई फिल्म डिष्ट्रिव्यूटरद्वारा आएका फिल्म प्रत्येक हप्ता अंग्रेजी र हिन्दी फिल्म चलाउन दिने भन्ने नि-र्णय भएकोले सूचना गरिएको छ

५— अब उप्रान्त जागीरदारहरुले र तक्मा पाउने व्यक्तिहरूसमेतले राहदानी गरी जानपर्ने भएमा राहदानी पाउनेले साथमा लाने मानिसको नाम नामासीसमेत लेखी गृहमन्त्रालयमार्फत राहदानी लिनुपर्छ। अरू साराले सदरजंगी कोतवालीमै जानुभई लिनुहोला।

गृह—सेक्रेटरी.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, नेपाल सरकार

५१४